# Non-Resident Nepali Association (NRN)

International Coordination Council (ICC)

Upendra Mahato
President
E-mail: upn@rubin.ru

Indra Ban
Vice President, Australia
E-mail: iban@parracity.nsw.gov.au

Sharda J. Thapa
Vice President, Americas
E-mail: sjthapa@speedsite.com

Ram P Thapa
Vice President, Europe
E-mail: thapa@web.de

Dev Man Hirachan
Vice President, Japan
E-mail: asukagroup@rapid.ocn.ne.jp

Sagar Nepal
Vice President, Middle East
E-mail: saan50@hotmail.com

Bhim Udas
International Co-ordinator
E-mail: bhim.udas@gmail.com

Chiranjibi Dhakal
Joint Co-ordinator
E-mail: chanddhakal@hotmail.com

Prakash Pun
Treasurer
E-mail: gurkhas@netvigator.com


## विज्ञप्ती

### ब्यवस्थापिका - संसदले पारित गरेको गैरआवासीय नेपालीका सम्बन्धमा ब्यवस्था  गर्न बनेको विधेयक बारे गैरआवासीय नेपाली संघको धारणा

गैरआवासीय नेपालीहरुले आफ्नो कानूनी हैसियत प्रष्ट पार्नका लागि राज्यसंग अनुरोध गर्दै आएको कुरा सबैलाई विदितै छ । धेरै लामो समयको अथक प्रयास पछि ब्यवस्थापिका संसदले अन्ततः गैरआवासीय नेपालीका सम्बन्धमा बनेको विधयेक पारित गरेको छ ।  यसको गैरआवासीय नेपाली संघ स्वागत गर्दछ । नेपालको आर्थिक सामाजिक रुपान्तरणमा विदेशमा बस्ने नेपालीहरुको संलग्नताको आवश्यकतालाई राज्यले महशुस गरेकोमा हामी गैरआवासीय नेपालीहरु खुशी छौं र यो कानुन निर्माण प्रकृयामा संलग्न सबैलाई हार्दिक धन्यबाद दिन चाहन्छौं । पारित भएको विधेयकका कतिपय बुंदाले गैरआवासीय नेपालीको भावना समेट्न नसकेको कुरा पनि यो संघ प्रष्ट पार्न चाहन्छ ।

पारित विधेयकले विदेशमा बस्ने नेपाली नागरिकको हैसियतका लागि दुई वर्ष नेपाल बाहिर बसेको हुनु पर्ने प्रावधान राखेको छ । गैरआवासीय नेपाली संघले विश्व ब्यापी मान्यता अनुरुप एक आर्थिक वर्षमा ६ महिना भन्दा बढी बाहिर बसेकालाई मान्यता दिनु पर्ने धारणा राख्दै आएको थियो । दुई वर्ष नेपाल बाहिर बसेको हुनु पर्ने कारणको औचित्य हामीले बुझ्न सकेका छैनौं ।

त्यसै गरी यस कानूनले विदेशमा अध्ययनरत नेपाली विद्यार्थीलाई गैरआवासीय नेपालीको परिभाषाबाट बाहिर पारेको छ । प्रविधि हस्तान्तरण, नयाँ ज्ञान सिप आर्जन र सोध कार्यमा संलग्न ठूलो समूहलाई समेट्न नसक्नु कानूनको कमजोरी हो भन्ने हाम्रो भनाइ छ ।

त्यस्तै वैदेशीक रोजगारीमा जाने ठूलो संख्याका गैरआवासीय नेपालीका लागि अनिवार्य विमा लगायत अतिरिक्त सुविधाका लागि यो संघले पहल गर्दै आएको हो । तर ऐन यस बारे मौन छ । अब बनाइने नियमावलीले आंशिक रुपमा भए पनि  वैदेशीक रोजगारमा रहेका गैरआवासीय नेपालीका कानुनी समस्यालाई सम्बोधन गर्नु पर्छ र बाँकी आवश्यकताको पूर्ति वैदेशीक रोजगारी सम्बन्धि ऐनबाट यथाशिघ्र हुनुपर्छ भन्ने हाम्रो मान्यता छ ।

नेपाली मूलका विदेशी नागरिकलाई नेपाली नागरिक सरहको नेपालमा बसोबास गर्ने र सम्पत्ति खरिद विक्रि गर्ने ब्यवस्थाको साथै दोहोरो नागरिकताको सुझाव हामीले दिंदै आएकोमा आंशिक रुपमा मात्र यो पारित

Upendra Mahato
President
E-mail: upn@rubin.ru

Indra Ban
Vice President, Australia
E-mail: iban@parracity.nsw.gov.au

Sharda J. Thapa
Vice President, Americas
E-mail: sjthapa@speedsite.com

Ram P Thapa
Vice President, Europe
E-mail: thapa@web.de

Dev Man Hirachan
Vice President, Japan
E-mail: asukagroup@rapid.ocn.ne.jp

Sagar Nepal
Vice President, Middle East
E-mail: saan50@hotmail.com

Bhim Udas
International Co-ordinator
E-mail: bhim.udas@gmail.com

Chiranjibi Dhakal
Joint Co-ordinator
E-mail: chanddhakal@hotmail.com

Prakash Pun
Treasurer
E-mail: gurkhas@netvigator.com

विधयेकले विदेशको नागरिकता लिने नेपालीका चाहनालाई समेट्न सकेको छ ।

यो कानून लागु गर्न धेरै कुराहरु नियमावलीबाट प्रष्ट पारिनु पर्ने देखिन्छ । कानुनका प्रावधानहरु र राखेका भावनाहरु सहज रुपमा गैरआवासीय नेपालीहरुले प्रयोग गर्न सक्ने गरी नियमावली बनाइनु पर्ने धारणा यस संघको छ । नियमावली निर्माण प्रकृयामा सहभागि भइ सरकारलाई सहयोग गर्न हामी तत्पर छौं । सरकारले पनि गैरआवासीय नेपालीहरुको सहभागितामा उनीहरुको भावना अनुरुप नियमावली बनाउने छ भन्ने हामीले आशा गरेका छौं ।

अब गैरआवासीय नेपाली संघ विधिवत दर्ता गर्ने बाटो खुलेको छ र यसले गैरआवासीय नेपाली अभियानको संस्थागत विकासमा योगदान पुग्नेछ । साथै गैरआवासीय नेपालीहरु विशेष गरी अन्तर्राष्ट्रिय समन्वय परिषद र राष्ट्रिय समन्वय परिषदहरुका लागि आफ्नो दायित्व पुरा गर्ने चुनौति थपिएको छ र यो जिम्मेवारी वहन गर्न हामी कटिबद्ध छौं ।

समग्रमा कानून बन्नुलाई सकारात्मक रुपमा लिंदै कानून निर्माण प्रकृयामा सहयोग गर्ने सबै संघ संस्था एवं महानुभावहरुलाई गैरआवासीय नेपाली संघ धन्यबाद दिन्छ । कानूनमा एवं नियममा समय सामेक्ष सुधारका लागी संधै पहल गरिरहने प्रण पनि हामी गर्दछौं ।

उपेन्द्र महतो
अध्यक्ष
गैरआवासीय नेपाली संघ